त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाण्डौं ।

प.सं./च.नं.

कृषि र पशु विज्ञान अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर, काठमाडौं

**थेसिस डिफेन्स प्रस्तुतीकरणको लागि मस्यौदा (Draft) बुझाउनेसम्बन्धी सूचना ।**

**प्रकाशित मिति २०८०/११/२७ गते ।**

यस अध्ययन संस्थानबाट सञ्चालित स्नातकोत्तर कार्यक्रमअन्तर्गत स्नातकोत्तर तहमा शैक्षिक सत्र २०२१ र सो भन्दा अगाडिका शैक्षिक वर्षमा भर्ना भई थेसिस ड्राफ्ट बुझाउँन बाँकी भएका विद्यार्थीहरुले मिति २०८० चैत्र मसान्त कार्यालय समयभित्र थेसिस ड्राफ्ट बुझाउँन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कुनै विषय, Comprehensive परीक्षा र सेमिनार उत्तिर्ण नभएका विद्यार्थीहरुको हकमा मिति २०८०/११/२८ गतेलाई नै आधार मानी कोर्ष रजिष्ट्रेशन गर्नु पर्नेछ । ड्राफ्ट बुझाउँनको लागि तपशिलका बुँदाहरुमा ध्यान दिनु पर्नेछ ।

तपशिल :

१. विषयगत सबै परीक्षाहरु, Comprehensive परीक्षा र Result Seminar उत्तिर्ण हुनु पर्नेछ ।

२. थेसिस ड्राफ्टमा सल्लाहकार समितिका अध्यक्ष र सदस्यहरुको अनिवार्य हस्ताक्षर भएको हुनु पर्नेछ ।

३. हस्ताक्षर भएको १ प्रति थेसिस ड्राफ्ट डीन कार्यालयको शैक्षिक शाखामा बुझाउँनु पर्नेछ । Presentation दिनमा भने ७ प्रति प्रष्ट बुझिने Presentation Slide ल्याउनु पर्नेछ ।

४. थेसिस ड्राफ्ट PG Bulletin मा उल्लेख गरेको ढाँचा अनुसार हुनु पर्नेछ । सो ढाँचा अनुसार नभएमा प्रस्तुतीकरणको लागि अयोग्य मानिनेछ ।

५. डीन कार्यालयमा बुझाएको थेसिस ड्राफ्ट नै अन्तिम प्रारुप मानी मूल्याङ्कन गर्ने भएकोले सोही अनुसार Presentation Slide बनाउनु पर्नेछ ।

६. थेसिस ड्राफ्ट बुझाउँन विद्यार्थी स्वयम आउनु पर्नेछ ।

७. चैत्र मसान्तभित्र ड्राफ्ट बुझाउँन नसकेका वा प्रक्रिया नपुगी ड्राफ्ट अस्वीकृत भएका विद्यार्थीको हकमा मिति २०८०/११/२८ गतेलाई नै आधार मानी कोर्ष रजिष्ट्रेशन गर्नु पर्नेछ ।

८. यसै सूचना साथ संलग्न फाराम थेसिस ड्राफ्टमा राखी सूचनामा उल्लेखित शाखा/महाशाखा र सहायक डीन (शिक्षणल) लाई प्रमाणित गरी थेसिस ड्राफ्ट शैक्षिक शाखामा बुझाउँनु पर्नेछ ।

..........................

डा. किशोर चन्द्र दाहाल
सहायक डीन (शिक्षण)